परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक २७ २०७८ माघ २३ गते आईतवार **Sunday 6, FEB 2022** ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## उखुबारी शवकाण्डको आरोपमा तीन पक्राउ



विराटनगर । मोरङको धनपाल थान गाउँ पालिका वडा नं. ७ कमलपुर टोल नजिकै रहेको उखुबारीमा भटिएको शवकाण्डमा संलग्न भएको आरोपमा तीन जनालाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय मोरंगले शुक्रवार सार्वजनिक गरेको थियो ।

सार्वजनिक गरिएको जहदा गाउँपालिका वडा नं. ४ सिश्वनी बस्ने २९ वर्षीय अमित साह भनिने दिनानाथ सोनार, सिरहा नगरपालिका वडा नं. २१ घर भई हाल काठमाडौं बल्खु बस्ने ३१ वर्षीय अनिल कुमार मण्डल र मोरङ धनपालथान गाउँपालिका वडा नं. ७ कमलपुर पश्चिम टोल बस्ने ६२ वर्षीय नासिर आलम रहेका छन् ।

पक्राउ परेका मध्ये दिनानाथलाई मोरङ विराटनगर महानगरपालिका वडा नं. ५ दामाबन्दी चोकबाट, अनिल कुमारलाई काठमाडौं महानगरपालिका वडा नं. १३ बल्खु र नासिर आलमलाई मोरङकै विराटनगर महानगरपालिका १७ मटेरूवाबाट विहीवार पक्राउ गरिएको थियो ।

गत माघ १२ गते मोरङको धनपालथान गाउँपालिका वडा नं. ७ बस्ने दिलिप सिंहको उखुबारीमा सप्तरी शम्भुनाथ नगरपालिका वडा नं. ४ ठेगाना भएका ३२ वर्षीय शम्भु कुमार चौधरी र माघ १३ गते सुनसरी धरान उपमहानगरपालिका वडा नं. ३ ठेगाना भएका ४८ वर्षीय राजेन्द्र कुमार श्रेष्ठको गाडिएको अवस्थामा शव फेला परेको थियो ।

घटनाको अनुसन्धानको क्रममा काठमाडौं महानगर पालिका वडा नं. ८ गोठाटार बस्ने तेह्रथुम सक्रान्ति-२ घर भएका ६३ वर्षीय मोहन लिम्बुको पनि हत्या गरी गाडिएको भनि खुल्न आएपछि महानगरीय अपराध महाशाखा काठमाडौंसँग समन्वय गरी ललितपुर गोदावरी नगर पालिका वडा नं. १२ ठेचो चरङ्खेलस्थित गोदाम घर रहेको कम्पाउण्डमा उनको शव फेला परेको थियो । खाल्डो खन्न र पुर्न प्रयोग भएको १ थान कोदालो तथा ६ प्याकेट आयो नुन प्रहरीले बरामद गरेको थियो ।

कारोवारको रकम एकलौटी बनाउने उद्देश्यले उनीहरुको हत्या गरिएको प्रारम्भिक अनुसन्धानको क्रममा खुलेको छ घटनाको सम्बन्धमा थप आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको थियो ।

## जनमतको पुन: सडक केन्द्रीत प्रदर्शन शुरू

विराटनगर । जनमत पार्टीले तराई मधेशमा शुरु गरेको किसान आन्दोलन केही साता अगाडी रोकेको सडक केन्द्रित प्रदर्शन पुन : शुरु गरेको छ ।

सिके राउत नेतृत्वको जनमत पार्टीले करीब डेढ महिना देखि किसान आन्दोलनको नाममा तराई मधेशका मुख्य शहरहरुको मुख्य सडक अवरोध गरी प्रदर्शन गर्दै आएका थिए । सो उक्त राजमार्ग केन्द्रित प्रदर्शन पुन: बिहीबारदेखि थालिएको हो ।

पार्टीको दाबीअनुसार किसान आन्दोलनअन्तर्गत बिहीबार पूर्वको मोरङदेखि पश्चिममा बर्दियासम्म राजमार्गमा प्रदर्शन भइरहेको छ । ठाउँठाउँमा राजमार्गमै टेन्ट गाडेर उनीहरू प्रदर्शनमा उत्रिएका छन् । केही ठाउँमा प्रहरी र प्रदर्शन कारी बीच झडप पनि भएका छन् ।

विराटनगरमा समेत रामजानकी मार्गवाट सडक प्रदर्शन शुरु गरी धोवीयारी चौक, हस्पिटल चौक, जिल्ला प्रशासन चौक, गोल्छा चौक हुँदै मुख्य बजारको सडकमा प्रदर्शन गर्दै रानी-इटहरी खण्डको गुद्री बजारमा मुख्य सडक अवरोध गरेका थिए ।

सडक अवरोध गर्दै कोण सभा गरी पार्टीका केन्द्रिय नेता, जिल्ला नेता तथा यूवा नेताहरुले डेढ महिना सम्म चलेको आन्दोलनले पनि सरकारले किसानको आवाजलाई नसुनेपछि पुन आन्दोलन गर्नु परेको भन्दा सरकारलाई गाली गलौच समेत गरेका थिए ।

कृषि र किसानसँग जोडिएका एक दर्जन मुद्दालाई एजेन्डा बनाएर राजमार्ग केन्द्रित प्रदर्शन थालेका राउतको पार्टीले यो मामिलामा संघीय सरकारसित मात्रै वार्ता गर्ने सर्तसमेत राखेको छ ।

विराटनगरको प्रदर्शन जनमत पार्टीको विराटनगर महानगर पालिका अध्यक्ष अरुण कुमार मण्डलको नेतृत्वमा भई रहेको छ ।

## संविधानको पालना गर्न अखिल पिछडावर्गको माग

हिरालाल साह

बिराटनगर । अखिल नेपाल पिछडावर्ग (ओविसी) महासंघ जिल्ला कार्यसमिति मोरङले सत्ता रूढ दल लाई संविधानको पालना गर्न माग गरेको छ ।

स्थानीय तहको निर्वाचन २०७९ बैशाख भित्र सम्पन्न गर्न सरकार सँग माँग गर्दै जिल्ला प्रशासन कार्यालय मोरंगका प्रमुख काशी राज दहाललाई ज्ञापनपत्र बुझाएको छ।

संविधानको धारा २१५ र २१६ ले गाउँ/नगरपालिकाको पदाधिकारी को पाँच बर्ष पुगेको मितिमा नै पदमुक्त हुने व्यवस्था रहेकोले सरकारले कुनै बहानामा समयमा निर्वाचन नगराउने कार्यलाई महासंघ ले ज्ञापनपत्र मार्फत ध्यानाकर्षण गराएको छ ।

सो ज्ञापनपत्रमा अहिले निर्वाचन नगराउने कार्यलाई संविधान बिपरित रहेको र उल्टै संविधानको धारा २२५ र स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ३ संग बाझिएको भनेर जनतामा भ्रम छरेको प्रति सरकारको भ्रत्सना गरिएको छ ।

स्थानीय तहको निर्वाचन सरकारले तुरुन्त गर्नुपर्ने ,संविधान र लोकतन्त्र रक्षाका लागि जनतालाई सचेत रहन पनि अपिल गरिएको छ ।

उक्त ज्ञापनपत्र अखिल नेपाल पिछडाबर्ग (ओविसी) महासंघ जिल्ला कार्यसमिति मोरङका अध्यक्ष जय प्रकाश महतोको नेतृत्वमा बुझाएका छन् ।

## किसानको समस्या समाधन गर्न मधेश सरकार द्धारा समिति गठन

विराटनगर । मधेश प्रदेश सरकारले किसानको समस्या पहिचान तथा समाधान गर्न उच्चस्तरीय समिति गठन गरेको छ ।

शनिवार प्रदेश मन्त्री परिषद्को बैठकले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विजय कुमार यादवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ ।

समितिको सदस्यहरुमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री शत्रुधन महतो, आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साह, अर्थमन्त्री शैलेन्द्रप्रसाद साह र खानेपानी तथा ऊर्जा विकासमन्त्री ओम प्रकाश सर्राफ छन् ।

उक्त समितिलाई कृषि तथा पशुपक्षी विकास, किसानको मलखाद, बिउविजन तथा सिँचाइ समस्या, बीमाको अवस्था, डुबान कटानको अवस्था, कृषि यान्त्रिकीकरणको अवस्था र आगामी रणनीति, कृषि विद्युती करणको अवस्था, मधेश प्रदेशको भू-उपयोग नीति निर्माण एवं मधेश सरकारले कषि सुधारको लागि गरेको गतिविधिको समीक्षा एवं आगामी योजनाबारे नीति निर्माण गर्ने जिम्मेवारी दिइएको छ ।

वांकी ३ पेजमा...

## चाँदीको गहना बरामद

विराटनगर । सात लाख बराबरको चाँदीको गहना सहित एक जना महिलालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ सुनवर्षी सुनवर्सी नगरपालिका वडा नं. ६ नया चौक स्थित सडक खण्डमा गोप्य सुचनाको आधारमा प्रहरी चौकी डायनियाबाट गस्तीमा खटिएको प्रसनिको टोलीले चेकजाँच गर्ने सुनवर्सी नगरपालिका वडा नं. ९ बस्ने वर्ष २९ की मन्जु सहनीलाई आईतवार पक्राउ गरेको थियो ।

वांकी ३ पेजमा...






## विचारमाथि...

परिवर्तनको मार्ग खोज्नुपर्ने नेपालको धरातलीय यथार्थ छ। राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्रको बिषयमा संविधानले दलहरूको विधान लोकतान्त्रिक हुनुपर्ने र प्रत्येक पाँच बर्षमा महाधिवेशन गर्नुपर्ने व्यवस्था गरेकोले दलहरु महाधिवेशन गर्न वाध्य भएका हुन्। अब यतिले मात्र पुग्दैन।

दलको सभापति, अध्यक्ष वा महासचिव जस्ता शीर्ष पदमा निर्वाचित नेताले दुई कार्यावधि भन्दा बढी सो पदमा रहन नपाउने व्यवस्था पनि संविधानमा गरिनुपर्छ। यो कुरा दलको विधान वा मुलुकको ऐनमा राखेर हुँदैन। किनकि दलहरुले आफू खुशी आफ्नो विधान बदल्न सक्छन् र राजनीतिज्ञहरुले ऐनलाई मन लागेको वेलामा अध्यादेशबाट संशोधन गरिदिन्छन्। संविधानमा नै राखेपछि भने उनीहरु बाँधिन्छन्। कतिलाई लाग्ला, दलका विधानका कुरा पनि संविधानमा राख्ने हो र ? राख्ने आवश्यकता परेपछि राखिनु पर्छ। दलका विधानका कतिपय कुरा संविधानमा राखिसकिएकै पनि छ। राजनीतिक दलहरु कुनै कम्पनी वा गैरसरकारी संस्था होइनन्, बल्कि राजकाजका महत्वपूर्ण संयन्त्र हुन्। दलहरूको आन्तरिक लोकतन्त्रले मुलुकको लोकतन्त्रलाई बलियो वा कमजोर बनाउने भएकोले दलहरूका विधान तिनका आन्तरिक मामिला होइनन्।

यसै गरी कुनै पनि व्यक्ति दुई पटक भन्दा बढी प्रधानमन्त्री हुन नपाउने संवैधानिक सीमाले सँधै सत्ताको लागि दाउपेच गर्ने अवस्थाको संरचनागत समाप्ति गर्छ। कार्यावधिको सीमाले नेतृत्व परिवर्तनको ढोका खुल्छ। वैचारिक गतिशीलता र नवीन कार्यदिशाको तय गर्न एवम् प्रणालीलाई जीवन्त बनाउन मुलुकका राजनीतिक संगठन र सत्ताको नेतृत्व आवधिक रुपमा परिवर्तन भइरहनु पर्छ।

यहाँ प्रश्न उठ्छ, राजनीतिक क्षेत्रले आफैलाई अंकुश लगाउने यस्ता प्रकृतिका व्यवस्थाहरु संविधानमा राख्छन् र ? राख्दैनन् भन्ने होइन। आफूलाई अंकुश लगाउने धेरै प्रावधान दलहरुले संविधानमा राखेका पनि छन्। पच्चीस जना भन्दा बढीलाई मन्त्री बनाउन नपाइने संवैधानिक सीमा यसको एक उदाहरण हो।

दलहरूको आन्तरिक लोकतन्त्र संस्थागत गर्न संविधानमा राख्नुपर्ने प्रावधानका सम्बन्धमा दलहरु रहरले पक्कै तयार नहुने भए पनि वाध्य गर्न सकिन्छ। यो कार्य बौद्धिक क्षेत्रको हो। यसको लागि कुनै आन्दोलन गर्न, धर्ना बस्न वा नेपाल बन्द गरिरहन पर्दैन। कम्तीमा दश जना प्रतिष्ठित बौद्धिकहरूको अनसनपथ अवलम्बन गर्ने हो भने त्यही नै काफी हुन सक्छ।

खास नीतिगत सुधार र परिवर्तनको स्पष्ट कार्यसूची सार्वजनिक गरी बौद्धिक क्षेत्रले नेपालमा आन्दोलन गरेको इतिहास छैन। आफ्ना पेशागत, व्यवसायिक, वर्गीय स्वार्थ र हितको लागि तथा राजनीतिक व्यवस्था परिवर्तनको निम्ति आन्दोलनमा होमिएर मात्र वौद्धिक क्षेत्रको समाज र मुलुकप्रतिको जवाफदेहिता प्रतिबिम्बित हुँदैन। कुनै व्यक्ति वैयक्तिक जीवनमा जतिसुकै सवल, सक्षम र समुन्नत भएपनि मुलुक अन्धकारमा पुग्यो भने उसको त्यो सवलता, सक्षमता र समुन्नति सवै बेकार हुन्छ भन्ने पाठ अफगानिस्तानको पछिल्लो परिदृश्यले दिएको छ। लेखक उच्च अदालतका न्यायाधीश हुन्। रातोपाटीबाट

## किसानको...

समितिले १५ दिन भित्र काम सकेर सरकारलाई सिफारिस गर्नेछ। जुन काम संघ सरकारले मात्र गर्न सम्भव छ।

पछिल्लो समय सिके राउत नेतृत्वको जनमत पार्टीले चुनाव केन्द्रित किसान आन्दोलन चर्काएपछि प्रदेश सरकारले उक्त निर्णय गरेको छ।

## चाँदीको...

भारतबाट नेपाल तर्फ अवैध रुपमा ल्याउदै गरेको निजले बोकेको लेडिज ब्याग भित्र प्लाष्टिकमा टेपले बेरेका पोका भित्र चाँदी जस्तो देखिने धातुका बिभिन्न (पायल ठुलो २० पिस, सानो पायल ११८ पिस, टिकटक पायल ७ जोडी, खुल्ला पायल ८३ जोडी र पातलो पायल २४६ पिस गरी बरामद भएको थियो।

अन्दाजी ७ के.जी. ४६ ग्राम तौल बराबरको चाँदीको बजार मुल्य ७ लाख बराबरको चाँदीको गहनासहित पक्राउ गरी आवश्यक कारवाहीको लागी भन्सार कार्यालय रानीमा बुझाइएको थियो।




## प्रतिवादी पक्राउ

विराटनगर। बैंकिङ् कसुर मुद्धाका फरार प्रतिवादी पक्राउ गरिएको छ। पक्राउ पर्नेमा मोरङ विराटनगर महानगरपालिका ६ बस्ने ४० बर्षीय सिताराम लुईटेल रहेको छ।

लुईटेललाई १ नं प्रदेश प्रहरी कार्यालय, रिटबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्दै जाँदा गाउँघरमा नै लुकिछिपी बसेको अबस्थामा हिजो पक्राउ गरि सम्मानित मोरङ जिल्ला अदालतमा दाखिला गरेकोमा सम्मानित अदालतबाट कैद भुक्तानको लागी कारागार चलान गरेको छ।

प्रतिवादी सिताराम लुईटेल भएको बैंकिङ् कसुरको मुद्धामा सम्मानित उच्च अदालत विराटनगरबाट मिति २०७८ कार्तिक १० गतेको सजाय निर्धारण फैसला आदेशले क्रमश: १० महिना ७ दिन कैद र रु. १५ लाख जरिवाना भई लगत नं.-८१७४ मा कैद जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेका थिए।

रितिका ढुध डेरी उद्योग प्रा.लि.मा
तु आवश्यकता

- एकाउन्टेन्ट -१, - टेक्निसियन -१
- ड्राईभर -१, - सेल्स मेन -२

योग्यता

१. एकाउन्टेन्टको लागि : बिबिएस पास र कम्प्युटरमा दक्ष ज्ञान र २ वर्षको अनुभव
२. टेक्निसियनको लागि : एसईई उत्तिर्ण र फुडग्रेड सम्वन्धी तालिम लिएको (अनुभव प्राप्त)
३. ड्राईभरको लागि : चारपांग्रे सवारी साधन चलाउने लाईसन्स प्राप्त र (५ वर्षको अनुभव प्राप्त)
४. सेल्समेनको लागि : एसईई पास
५. छनौट प्रक्रिया : अन्तरवार्ता
६. तलब : आपसी सहमती अनुसार

प्रो. अरुण कुमार मण्डल
रितिका ढुध डेरी उद्योग प्रा.लि.
विराटनगर-१५, रानी, मोरंग
सम्पर्क : ९८१९३२४८१७, ९८०३११२६०७




## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं।

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्वन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

वस्तु तथा सेवाको उत्पादक, ढुवानी कर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, विक्रेता र सेवा प्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावली बमोजिम कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं।

नेपाल सरकार, विज्ञापन बोर्ड

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# पदकै लागि पार्टी खोल्ने प्रवृती

नेपालको राजनीतिमा पूराना पिढिका नेताहरुले नयाँ पुस्ताका नेताहरुलाई असर दिन चाहि रहेको छैन । हामी आधुनिक युगमा आइसक्दा एउटा सानो मोवाईल चलाउँदा उसले अपडेट माग्छ । अपडेट गरेन भने मोवाईल नै चल्दैन तर नेपालको राजनीतिक दलका नेताहरुले नयाँ पुस्तालाई अपडेट हुन दिई रहेको छैन । राना कालमा राना विरुद्ध लडेका नेताहरु राजा विरुद्ध लडे, प्रजातन्त्र ल्यायो राजालाई फाल्यो तर राजनीतिमा आफू चाहि सत्ता सिन वसि रहने प्रवृति रही आएको छ । वर्तमान नेपालको प्रधान मन्त्री शेर वहादुर देउवा पाँच पटक प्रधान मन्त्री बनी सेके फेरी पुन: आफू नै प्रधान मन्त्री बन्ने दाउमा लागेका छन् । सत्ता लिप्सामा लागेका नेताहरु फेविकल जस्तै कुर्सीमा टाँसेपछि हट्नै चाहदैन । नयाँ पुस्ताको नेतृत्व विकास हुन दिई रहेको छैन । नयाँ पूतालाई अपडेट हुन दिएन भने देशमा विकास कहाँवाट हुन्छ । पुरापुताका नेताहरुलाई लेपटप चलाउन, कम्प्युटर चलाउन तालिम दिनु पर्छ तर तालिम लिएका र सिकेका यूवाहरुलाई त्यहाँ पुग्न वाट बन्चित गरी रहेको छ । जसका कारण देश दिन दिनै अधोगति तिर लागि रहेको छ । विदेशीको ऋणमा डुवी रहको छ । देशमा विकास र समृद्धि चाहिएको छ भने अपडेट भएका यूवा नेताहरुलाई पुराना पुस्ताका नेताहरुले बाटो खोलि दिनु पर्छ ।

पदकै लागि पार्टी फोडेर नयाँपार्टी गठन गर्ने होड समेत चलेको छ । २०४६ साल देखि मधेशको मुद्दा लिएर उदाएको सदभावना पार्टी पद र पैसाकै लागि मधेशको मुद्दालाई छोडेर टुक्रा-टुक्रा भएको इतिहास हामी संगै छ । त्यसै गरी २०६३ सालको मधेश जनविद्रोहवाट उदाएको मधेशी जनअधिकार फोरम आधा दर्जन पार्टीमा विभाजित भएको इतिहास पनि हामी संग छ । अहिले वर्तमानमा हेर्ने हो भने राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशनवाट पराजीत भएका कमल थापा समेत नयाँ पार्टी खोल्ने तरखारमा रहेको छ । मधेशवादीमा वृखेशलाल समेतले नयाँ पार्टी खोल्ने योजनामा छ । हृदेश त्रिपाठीले नयाँ पार्टी खोलि सकेको छ । यो सवै पैसा र पदको लागि पार्टी फोडेको हो । जुनकी देशको हितमा छैन ।

कुनैपनि देशमा राजनीतिक दल वन्दछ देशका जनताको सेवा गर्नका लागि तर नेपालमा जनताको सेवा गर्नु भन्दा पनि जातिवाद, नातावाद, चाकडीवाद र पूजीवादको लागि मात्र राजनीति गरेको देखिन्छ । राजनीति गर्ने नेताहरु उदारवाद हुनुपर्छ जनता मुखी हुनुपर्छ तर यहांका नेताहरु जनता जाए भाडमे पैला खर्च गरी चुनाव लड्ने चुनाव जितेपछि विकासको नाममा भ्रष्टाचार गर्ने खर्चगरेको पैसाको व्यास समेत असुल्ने नेताहरु भएकै कारण देशमा दिन दिनै भ्रष्टाचार बढि रहेको छ । यूवाहरु विदेशी रहेको छ । किसानहरु दिन दिनै ऋणमा डुवि रहको छ । व्यापारीहरु कर छलेर मलामाल भई रहेको छ । जसका कारण देशमा विकास र समृद्धि रोकि रहेको छ । त्यसैले नयाँ पार्टी खोल्नु भन्दा पनि देश र जनताको लागि सोही पार्टीमा लागेर जनताको सेवामा सर्मपित नेताहरुको नेपालमा खाचो रहेको छ । नेपाल आमालाई माया गर्ने सपुतहरु अवका दिनमा राजनीतिमा लाग्न जरुरी छ । अनि मात्र राजनीतिका फट्हाहरु समाप्त भई देशमा समृद्धि र विकासको लहर चल्ने छ ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# विचारमाथि बजार : राजकाजमा विज्ञको आवश्यकता

रमेश ढकाल

कुनै खास बिषयमा निरन्तर अनुसन्धानको माध्यमबाट विशेष ज्ञान र अनुभव प्राप्त गरी बौद्धिक निष्ठा, निष्पक्षता र इमानमा अनवरत अडिग रहने विज्ञहरु भेट्टाउनु मुश्किल छ । र, राजकाजमा उनीहरुको सहयोग पाउनु निकै कठिन समयको प्रवलता भनेको कुनै पनि मुलुकको लागि डरलाग्दो कालखण्डको क्रियाशीलता हो । मूलत: चार अवस्थामा त्यस्तो कालखण्डको जन्म र विकास हुन्छ ।

पहिलो हो, मुलुकमा बौद्धिक तथा विज्ञहरुको चरम अभाव रहेको अवस्था । दोस्रो, बजारले कथित विज्ञहरुको अधिक उत्पादन गरेको अवस्था । तेस्रो, विज्ञहरुले आफ्नो बौद्धिक धर्म छाडेर लेख्न, बोल्न थालेको वा मौन रहेको अवस्था । चौथो, बौद्धिकहरूको पहिचान गर्ने तथा उनीहरुसँग कार्य गर्न सक्ने सीप र सामर्थ्य नरहेका राजनीतिक व्यक्तिहरुको राजनीतिक क्षेत्रमा नेतृत्व भएको अवस्थामा ।

संकटको प्रकृति र बजारको एकाधिकार

पहिलो अवस्था मध्यम तहको संकट त हो, तर भयानक संकट भने होइन । चौथो अवस्था भनेको उच्च तहको संकट हो । चौथो अवस्था भन्दा पनि दोस्रो र तेस्रो अवस्था अझै त्रासदीपूर्ण र अति खतरनाक महासंकट हो । अझ दोस्रो, तेस्रो र चौथो तिनै अवस्थाको एकसाथ संक्रमण फैलिएको समाजलाई पनि मुलुकको जीवनले कहिलेकाँही भोग्न वाध्य हुनुपर्छ ।

मुलुकमा विश्वविद्यालय, अनुसन्धान केन्द्र र प्राज्ञिक संस्थाहरुको पूर्वाधार, स्वायत्तता, गुणस्तर, क्रियाशीलता, खोज एवं अन्वेषणको धरातलीय यथार्थले पहिलो अवस्थाको घनत्व, आयाम, स्वरुप र प्रभावको निर्धारण गर्छ । दोस्रो अवस्था कसरी निर्माण हुन्छ त ? दुई कारणले समाजलाई दोस्रो अवस्थातिर लैजान्छ ।

पहिलो हो, केही पुस्तक प्रकाशन गरेको वा केही मिडियामा सनसनीपूर्ण अन्तरवार्ता दिएको वा लेख लेखेको आधारमा मिडियाले विज्ञ वा विद्वानको पगरी गुथाइदिएको भरमा नै जब बुद्धिजीवीले आफूलाई दिग्गज विज्ञ ठान्छन् । जसले सत्य, तथ्यको उद्घाटन होइन, भ्रमको उत्पादन, सञ्चय र वितरण गर्छ । कुन व्यक्ति विज्ञ, अभियन्ता, अध्येता र प्रदुषणकर्ता हो भन्ने भेद नै छुट्याउन नसक्ने अवस्थामा समाज पुग्छ ।

दोस्रो कारण हो, कुनै एक बिषयमा विज्ञता हासिल गरेको व्यक्ति त्यो विज्ञताको आडमा आफूलाई अरु विषयको पनि विज्ञ ठान्छ, जुन बिषयमा उसलाई सिर्फ सामान्य ज्ञानसम्म हुन्छ । गुगलबाट जानकारी संकलन गरेको वा मिडिया हेरेको, सुनेको पृष्ठपोषणको आधारमा ऊ आफूलाई अमुक विषयको आधिकारिक विद्वान भएको स्वयंघोषणा गर्छ । र, राज्यले महत्वपूर्ण निर्णय गर्दा आफूलाई नसोधेकोमा सार्वजनिक रुपमा भयंकर कुण्ठायुक्त आक्रोश पोखिरहन्छ । यो अवस्थामा बजारले थरिथरिका विज्ञको उत्पादन गरिरहेको हुन्छ, जसमार्फत बजारले समाजको मस्तिष्क व्यवस्थापन गर्छ । विभिन्न स्वार्थ शक्तिले चाहेको भाष्य निर्माणमा बजारले शक्ति लगाउँछ ।

तेस्रो अवस्थाको जन्म तीन कारणबाट हुन्छ । पहिलो, जब वौद्धिक र विज्ञहरुले आफ्नो व्यक्तिगत वा व्यावसायिक स्वार्थको लागि वा कुनै स्वार्थ शक्तिको प्रभाव वा आडमा जानी जानी झुटो कुरालाई सत्यको रंग लगाइदिन्छन् । दोस्रो सत्य र तथ्य अभिव्यक्त गर्दा बजारबाट लखेटिनु पर्ने वा आफ्नो प्रतिष्ठामा आघात हुने डरले गर्दा जब वौद्धिकहरु बजार र भीडको प्रिय हुने बाटो रोज्छन् । तेस्रो हो, जब रणनीतिक उद्देश्यले विज्ञहरु मौनतामा रहन रुचाउन थाल्छन् ।

चौथो अवस्थाको निर्माण कसरी हुन्छ त ? राजनीतिज्ञहरुमा जव चरम दम्भ र अति अज्ञानताले गाँजेको हुन्छ, विज्ञको आवश्यकताको बोध हुँदैन । आफैले गर्दा सवै थामिएको र अन्यथा सवै भताभुङ्ग भइसक्ने भ्रमले जरा गाड्छ । विज्ञहरुलाई कोपभाजनको शिकार बनाइन्छ । यो स्थितिमा वास्तविक विज्ञहरु स्पष्ट रुपमा लेख्न, बोल्न अग्रसर हुँदैनन् । कुरा चपाउन र कुटनीतिक भाषा प्रयोग गर्न थाल्छन् ।

वास्तविक विज्ञले लेख्न र बोल्न छाडेको समाजमा विचार निर्माण हुँदैन । भ्रम, मिथ्या र हल्लामा आधारित भाष्यहरु बन्दै जान्छ र मानिसहरु त्यसैलाई सत्य र तथ्य मान्न थाल्छन् । विचार बजारको नियन्त्रण, अधीन र उपनिवेशमा पुग्छ । अन्तत: त्यस्तो बजारले राज्यमाथि कब्जा र शासन गर्न पुग्छ । गहिरिएर हेर्दा आजको युगमा राज्यको निरंकुशता भन्दा बजारको निरंकुशताले मानव सभ्यतामाथि घातक प्रहार गरिरहेको छ ।

भनिन्छ, झूठले एकाबिहानै उठेर तीन पटक संसारको परिक्रमा गरिसक्दा सत्य भने बल्ल व्युँझने तर्खरमा हुन्छ । आजको बजारको युगमा एक त सत्यलाई बाहिर निस्कनै औधी कठिन छ । कसैगरी निस्के पनि नाफा र घाटाको समयको बजारको संरचनागत चक्रमा सत्य अट्दैन । कोलाहलमा सत्य सुनिँदैन । झन बजारको एकाधिकारमा सत्यको प्रवेश लगभग निषेध जस्तै हुन्छ । बजारले नै विचारको उत्पादन, ब्रान्डिङ, पोषण र फैलावट गर्छ । आजको बजार हिन्दू धर्मका त्रिदेव अर्थात् ब्रम्हा, बिष्णु र महेश भन्दा पनि शक्तिशाली हैसियतमा छ । मानव सभ्यताको यो अर्को दु:खदायी चरण हो ।

राजकाज आफैमा एक अलग विधा

विचारलाई बजारको उपनिवेश हुन नदिने सामर्थ्य केवल बौद्धिक, प्राज्ञ विज्ञहरु तथा खोजमूलक मिडियामा मात्र हुन्छ, जो बजार वा कसैप्रति होइन आफ्नो बौद्धिकता, विज्ञता, इमान र मुलुकप्रति उत्तरदायी हुन्छन् । त्यसैले राजनीतिज्ञहरुले राजकाज गर्दा बौद्धिक तथा विज्ञहरुसँग सल्लाह र राय लिनुपर्छ भनिएको हो । राजनीतिज्ञहरूको वैधताले मात्र राजकाज चल्दैन। मुलुक अघि बढ्न विज्ञताको पनि उत्तिकै आवश्यकता पर्छ ।

राजनीतिक संगठनको निर्माण, बिस्तार र यस क्रममा प्राप्त सीप, अनुभव तथा संघर्षको यात्राले दिएको ज्ञानले मात्र राजनीतिज्ञ हरूलाई मुलुकको शासन संचालन गर्ने योग्यता दिदैन । सत्ता समीकरण बनाउनु र टिकाउनु मात्र पनि राजकाज होइन । राजकाजले राज्य र जनतालाई आपसमा जोड्छ । नागरिकहरुको छनौट र क्षमताको बिस्तार तथा विकास गर्छ । समकालीन चुनौतीको सामना गर्ने र दीर्घकालीन प्रक्षेपणमा आधारित नीति, रणनीति, योजना र कार्यक्रम बनाउँछ । त्यसलाई कार्यान्वयन गर्न सक्ने गरी राज्यका संयन्त्रहरुलाई सक्षम र उत्तरदायी बनाउँछ । मुलुकलाई निरन्तर समृद्धिको मार्गमा लैजान्छ र समृद्धिको दिगो उत्पादन र न्यायोचित वितरण गर्छ । यो काम सजिलो छैन । त्यही असजिलो र सकसपूर्ण काम गर्न सक्नु नै राजकाज हो । नेता, पदाधिकारीहरूको व्यवस्थापन, कार्यकर्ताको लागि स्रोत परिचालन र सरकार टिकाउको सफलता राजकाज होइन ।

शासन सञ्चालन सर्वाधिक कठिन कार्य हो, जो दिन प्रतिदिन झन झन जटिल र चुनौतीपूर्ण हुदै गएको छ र हुँदै पनि जान्छ । राजकाज आफैमा एक अलग र बहुआयामिक विद्या पनि हो । एक सामान्य संगठनको सञ्चालनको लागि त कुशल नेताको आवश्यकता पर्छ भने मुलुक चलाउन भने राजनीतिक दलमा लागेको वा चुनाव जितेको कारणले मात्र स्वत: क्षमता प्राप्त हुने हो र ?

कर्मचारीतन्त्रको सहयोग र परिचालन मात्रले पनि राजकाजले नतिजा दिदैन । हो, कमर्चारीतन्त्रमा राजकाजको व्यवस्थापकीय पक्षको गहिरो अनुभव, पर्याप्त सूचना तथा तथ्याङ्कको पहुँच हुन्छ । कुन कार्य कसरी गर्न सकिन्छ भन्ने सीप वा कौशल पनि हुन्छ । तथापि सामान्यतया नवीनता यसको खोज हुँदैन र परिवर्तन यसको सोच हुँदैन । अझ नेपालको कर्मचारीतन्त्र त सरकार धान्ने जेनतेनको संयन्त्रभन्दामाथि जान सकेकै छैन । राजनीतिज्ञहरूलाई निडर भएर व्यावसायिक रुपमा नीतिगत परामर्श दिने तथा नीति कार्यान्वयन गर्ने सामर्थ्य विकास गर्न र जनताको सामान्य विश्वास आर्जन गर्न नसक्ने अवस्थामा घिस्रिरहेको यथार्थलाई वोधसम्म नगर्ने हाम्रो कर्मचारी तन्त्रको हविगत छ ।

नवीनता र परिवर्तनको सैद्धान्तिक तथा नीतिगत आधार विज्ञहरुले अनुसन्धानबाट खोजी गर्छन् । फेरि विज्ञहरुको सैद्धान्तिक विश्लेषण र खोज मात्रले पनि राजकाजले व्यवहारिक अभिव्यक्ति प्रकट गर्दैन । राजकाजको अन्तरंग, अन्तरकुना, फैलावट र सीमाको व्यवहारिक ज्ञान र अनुभव एवं एवं राज्यसञ्चालनका भित्री सूचनाहरुमा पहुँच हुनु राजकाजको लागि अति आवश्यक छ, जो विश्वविद्यालय प्राध्यापनरत र अनुसन्धान केन्द्रमा रहेर प्राज्ञिक अन्वेषणमा मात्र संलग्न विज्ञ र बौद्धिकहरुमा नहुनु स्वाभाविक हो । त्यसैले त्यस्ता प्राज्ञ र बौद्धिकहरुलाई पनि राजकाजको संयन्त्रमा विभिन्न स्वरुपमा आवद्ध गराउने अभ्यास विकसित मुलुकहरुमा छ । हुन पनि जसरी प्रसव पीडाको अनुभवको वारेमा लेखिएको पुस्तक पढेर वा प्रसव पीडा भोगेका महिलाहरुसंगको कुराकानी गरेर प्रसव पीडाको अनुभव प्राप्त हुँदैन, त्यसैगरी सैद्धान्तिक ज्ञानले मात्र सरकारको ‘डाइनामिक्स’ अन्तरकुना र रंगहरु बुझ्न र चिन्न सकिदैन । राजकाज सञ्चालनका लागि बनाउनुपर्ने नीति, रणनीति, योजना र कार्यक्रम बनाउन सैद्धान्तिक वा प्राज्ञिक ज्ञानको जति आवश्यकता पर्छ, राजकाजको अन्तरकुना र रंगहरुको व्यवहारिक अनुभव र संस्थागत स्मरणको पनि उत्तिकै जरुरी हुन्छ ।

भनिन्छ, राजकाजमा पसिसकेपछि वा राजकाज संयन्त्रमा रहने आवद्धताले धेरै पाठ सिकाउँछ, यो दोहोरो नै हुन्छ । राजकाजमा पस्नेले राजकाजका संयन्त्रका औजारहरूमा रहनेहरूलाई कति कुरा सिकाउँछ, बुझाउँछ र परिवर्तन गराउँछ भने कति कुरा उ स्वयंले सिक्छ र बुझ्छ पनि । यसैगरी राजकाजले उसका कतिपय आवेग, उत्तेजना, भाष्य र बुझाईलाई सच्चाईदिन्छ पनि । आन्दोलन वा विद्रोहबाट सफलता प्राप्त गर्न जति कठिन हुन्छ, अनुसन्धानमूलक कृति तयार गर्न जति ज्ञान र मिहिनेत चाहिन्छ, त्यो भन्दा अति कठिन राजकाजबाट डेलिभर गर्न हुन्छ । राजकाजमा रहेर डेलिभर गर्न कैयौं अवरोध छिचोल्न सक्नुपर्छ । विश्वविद्यालय वा अनुसन्धान केन्द्रका वौद्धिकहरुको ज्ञान तथा विज्ञता, नीति निर्माणमा संलग्न कर्मचारीतन्त्रको प्राविधिक विशेषज्ञता र राजकाजको व्यवस्थापकीय अनुभव एवं राजनीतिक नेतृत्वको राजनीतिक विवेक र वैधताको संयोजनबाट राजकाज विधाले पोषण प्राप्त गर्छ । यी तिनै शक्तिहरु सरकारको राजकाजमा चाहिन्छ । अर्कोतिर राज्यका प्रमुख तीन अंगहरु बीचको संवैधानिक शक्ति सन्तुलन र नियन्त्रणले राजकाजलाई गतिशील बनाइरहनुपर्छ । नागरिक र वौद्धिकहरुले यी तिनै शक्तिलाई निगारानीमा राखी रहनु र जवाफदेही बनाइरहनु पर्छ ।

आधारभूत रुपमा विज्ञहरुको सहयोग र पृष्ठपोषण बिना राजनीतिज्ञहरुले राजकाज गर्न सक्दैनन् । अझ केही खास अवस्था र बिषयमा त विज्ञहरुको मत नै निर्णायक हुन्छ, जसलाई राजनीतिज्ञहरुले अनुमोदन गरेर वैधता प्रदान गर्छन् । कोभिड महामारीसंग जुध्न प्राय: सवै मुलुकहरुले विज्ञहरुको कार्यदल गठन गरेको उदाहरण ताजै छ ।

प्लेटोले परिकल्पना गरेको दार्शनिक शासक ‘फिलोसोपर किङ्ग’बाट पनि आजको दुनियाँमा मुलुकको नेतृत्व हुन सक्तैन । आमनिर्वाचनमा सबै नागरिकको मतको समान मुल्य नराखी शिक्षा र चेतनाको तहको आधारमा नागरिकहरुबीच वर्गीकरण गर्नुपर्छ भन्ने जेएस मिलको चिन्तनले पनि असल र सक्षम शासक जन्माउने आधारशिला निर्माण गर्दैन । जासोन वर्नानको मतअनुसार विज्ञहरुले नै राज्य चलाउने प्रणाली ( इपिस्टोक्रेसी)को अवलम्वन गर्दा पनि मुलुक समुन्नतिको बाटोमा जाने प्रत्याभूति हुने होइन । ग्रिसमा सन् २००८ देखिको चुलिदै गएको ऋण संकटको व्यवस्थापन गर्न विज्ञहरु समावेश मन्त्रिमण्डल गठन हुँदा पनि परिणाम अपेक्षित उत्साहजनक हुन नसकेको तथ्यले विज्ञतातन्त्रको सीमा देखाउँछ ।

वस्तुत: मुलुकलाई गति दिने तथा चलाउने राजनीतिले नै हो । हो, जुनसुकै विधाको व्यक्ति पनि राजनीतिज्ञ हुन भने सक्छ । तर उसमा राजनीतिक सोचाई, राजनीतिक नेतृत्व सीप, राजनीतिक विवेक, निर्भिकता र इमान जस्ता गुण भने विकास भएको हुनुपर्छ । उसमा इमान्दारी र नैतिक गुण हुन जति आवश्यक पर्छ । राजनीतिक साहस, जोखिम लिन र बहन गर्न सक्ने सामर्थ्य तथा आफ्नो दिमागलाई सदैव खुला राख्न सक्ने क्षमता हुन पनि उत्तिकै आवश्यक छ । इमान्दारी र नैतिकता भएको तर काम गर्न नसक्ने र जसोतसो केही काम गरेपनि परिणाम दिन नसक्ने पात्रलाई राजकाज विधाले असक्षम भन्छ । म कर्म भने गर्छु तर परिणाम मेरो हातमा छैन भन्ने छुट योगी र ध्यानीलाई हुन्छ, राजनीतिज्ञहरूलाई भने हुँदैन । यस्तै काम गर्ने र जोखिम व्यवस्थापनको क्षमता भएको तर भ्रष्ट र बेइमान पात्रलाई पनि राजकाज गर्न अयोग्य मानिन्छ ।

विज्ञतातन्त्र राजकाजको विकल्प होइन

राजनीतिज्ञको विकल्प राजनीतिज्ञ नै हो, कुनै बौद्धिक, पेशाविद्, विज्ञ वा प्राविधिक होइन । आफैप्रति

वांकी ५ पेजमा...

# प्रतिवन्धित लागुऔषध सहित धरानबाट सात पक्राउ



सुनसरी। सुनसरीको धरान उप-महानगरपालिका वडा नं. १३ स्थितबाट प्रतिवन्धित लागुऔषध ब्राउन सुगर सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा धरान-१३ का २९ बर्षीय भरत मगर, २७ बर्षीय ओम प्रकाश नेम्वाङ, २६ बर्षीय सुजन श्रेष्ठ र ३० बर्षीय मन्दिप मगर, धरान-१९ का २६ बर्षीय जनम मगर, धरान-३ का २० बर्षीय सारङ खड्गी र २२ बर्षीय राजिव मगर रहेका छन।

संघिय प्रहरी इकाई कार्यलय धरान र इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले निजहरुबाट ३१ ग्राम ब्राउन सुगर बरामद गरेको हो।

प्रतिवन्धित लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका सातै जनालाई इलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भईरहेको छ।

# बस र ट्रक ठक्कर खादा 3 को मृत्यु

सुनसरी। सुनसरी भोक्राहा नरसिहं गाऊपालिका वडा नं. ३ खुनिया पुल स्थित पुर्व पश्चिम राजमार्गमा बस र ट्रक ठक्कर खाई आगोलागी हुँदा ३ जनाको मृत्यु भएको छ भने २७ जना घाईते भएका छन्।

मृत्यु हुनेमा बस चालक झापा गोलधाप १ का ४५ बर्षीय सरोज राई, बसमा सवार भारत पश्चिम बंगाल कालचोनी बस्ने २५ बर्षीय निहाल प्रधान र ट्रक चालक बारा निजगढ नगरपालिका वडा नं. ९ का २७ बर्षीय शेख फिरोज रहेका छन् भने घाईते भएका २७ जनाको सुनसरी र विराटनगरको बिभिन्न अस्पतालमा उपचार भइरहेको छ।

शुक्रवार वेलुका सात बजे पुर्वबाट पश्चिम तर्फ आउदै गरेको ना.८.ख ८४९३ नम्बरको बस र बिपरित दिशाबाट जादै गरेको ना ५ ख २९९६ नम्बरको ट्रक एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो।

घटनाको जानकारी पाए लगत्तै खटिएको सुनसरी प्रहरीले सवारी साधनहरुबाट मानिसहरु उदार गर्ने क्रममा अचानक दुबै सवारी साधनमा आगलागी भएको थियो। आगोलागीबाट बस र ट्रकमा चेपिएका ३ जनाको जलेर मृत्यु भएको हो।

उक्त आगो दमकल, प्रहरी र स्थानीयवासीको सहयोगमा नियन्त्रणमा लिएको थियो। घटनाको बारेमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

# विद्याकी देवी सरस्वतीको पूजा अर्थात वसन्त पञ्चमीको महत्व

मंजु शर्मा

विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी श्री पञ्चमी अर्थात वसन्त पञ्चमी आइतवार देशभर धुमधामाका साथ मानइदैछ। पञ्चमीका अर्थात सरस्वती देवीको पुजा प्रत्येक विद्यालय लगायत सरस्वतीको मन्दिर वनाईएको स्थानहरुमा पुजापाठ गरी भव्यताका साथ मनाईन्छ। सरस्वती मातालाई शिक्षाको देवी भनिएकोले विद्यार्थी लगायत विद्धान वर्गहरुले यस पुजामा विशेष रुपमा सहभागी हुने गरेका छन्। वसन्त पञ्चमीकै दिन बालबालिकाहरुलाई अक्षारम्भ गराउने चलन छ। सोही दिन विद्यालयहरुमा छोरा-छोरीहरुलाई नाम समेत लेखाउने गरिन्छ।

वसन्त पञ्चमी अर्थात सरस्वती पूजाको दिन शुभ मानिएकोले कुनै पनि पात्रो नहेरी विवाह, व्रतबन्ध, केटा-केटीको नाक-कान छेड्ने, गुफामा गएर ध्यान गर्ने जस्ता सामाजिक तथा धार्मिक गर्नेमा जनविश्वास रहदै आएको छ।

विद्यालय र कलेजहरुमा सरस्वतीको पूजा गर्ने तथा कलाकारहरुले आफ्ना वाद्ययन्त्र र कुचीको पूजा गर्ने चलन पनि छ। वसन्तपञ्चमीदेखि सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ यस दिनलाई वसन्त पञ्चमी पनि भन्ने गरिन्छ।

वसन्त पञ्चमीको महत्व

बसन्त पञ्चमी अर्थात सरस्वती पूजाको दिन साना-साना बालबालिकाहरुलाई अक्षर



चिनाउनेदेखि लिएर कुनै नयाँ कामको थालनीका लागि समेत राम्रो साईत मानिन्छ। पञ्चांगका अनुसार वसन्त पञ्चमी माघ महिनाको पञ्चमी तिथिमा मनाइन्छ। हिन्दू मान्यताका अनुसार यसै दिन देवी सरस्वतीको जन्म भएकोले जन्मोत्सको रुपमा समेत मनाईन्छ।

एक कथाका अनुसार सृष्टीको रचना गर्दा जब भगवान ब्रम्हाले जीवजन्तुहरु तथा मनुष्य योनीको रचना गरे, सबैतिर सन्नाटा छाएको थियो। उनलाई लाग्यो कि केही कुरा अपुरो छ। त्यसपछि उनले आफ्नो कमण्डलुबाट जल छर्किए, जसबाट चार हात भएकी एक सुन्दर स्त्री प्रकट भइन्। ती स्त्रीको एक हातमा वीणा तथा अर्को हात वर मुद्रामा थियो। बाँकी दुई हातमा पुस्तक र माला थिए। ब्रम्हाले देवीसँग वीणा बजाउने अनुरोध गरिन्।

ब्रह्माको आदेश अनुसार देवीले वीणा बजाउन सुरु गरिन, संसारका समस्त जीवजन्तुहरुमा आवाज भरियो। त्यसपछि ब्रम्हाले उनलाई 'वाणीकी देवी सरस्वती' नामाकरण गरे। ब्रम्हाले देवी सरस्वतीको उत्पत्ती वसन्त पञ्चमीकै दिन गरेकी थिइन्। त्यसैले हरेक वर्ष वसन्त पञ्चमीको दिन सरस्वतीको जन्म दिन मनाइन्छ।

वसन्त पञ्चमीको दिन पहेँलो रंगको विशेष महत्व हुन्छ। पहेँलोलाई वसन्तको प्रतिक मानिन्छ। वसन्त ऋतुलाई सबै मौसमहरुमध्ये ठूलो मानिन्छ। यो मौसममा न गर्मी हुन्छ न जाडो, न वर्षा नै हुन्छ। रुख-बोटहरुमा ताजा फल र फुलहरु लाग्छन्। चारै तर्फ हेर्दा प्रकृति बेहुली झैं सिंगारिएको देखिन्छ।

प्रेमको देवता, कामदेवको पूजा

स्वस्थ्यको दृष्टिकोणले पनि यो ऋतु निकै अनुकुल मानिन्छ। मानिसका साथसाथै पशुपंक्षीहरुमा नयाँ चेतनाको सञ्चार हुन्छ। वसन्तलाई प्रेमको देवता कामदेवको मित्र मानिन्छ। यस ऋतुलाई काम बाणका लागि अनुकुल मानिन्छ। यो दिन पवित्र नदी, खोला, कुण्ड, पानीको मुहानहरुमा स्नानको विशेष महत्व हुन्छ।

वसन्त पञ्चमीको दिन केही मानिसहरु कामदेवको पनि पूजा गर्छन्। पहिले-पहिले राजा हात्तीमा चढेर नगरको भ्रमण गर्दै देवालय पुगेर कामदेवको पुजा गर्थे। पौराणिक मान्यताअनुसार वसन्त कामदेवको मित्र हो। त्यसैले कामदेवको धनुष फुलले बनेको हुन्छ।

जब कामदेवले तीर छोड्छन्, यसमा कुनै आवाज आउँदैन। त्यसैले आजको दिनलाई फुल तथा प्रेम र प्रकृतिसँग जोडेर पनि हेरिन्छ। यस दिन रतिको पनि पूजा गरिन्छ।

मेला तथा महोत्सव

वसन्त पञ्चमीका अवसर पारेर देशभर विविध खाले मेला महोत्सवहरुको आयोजना हुनेगर्छ। विशेष गरि विद्याकी देवि सरस्वतीलाई मान्ने भएकाले स्कुले विद्यार्थीहरुका लागि यो दिन वर्षकै उत्कृष्ट दिन हुने गर्छ।

वसन्त पञ्चमीका अवसरमा विराटनगर महानगर पालिकाको सरस्वती मन्दिरमा पूजापाठको लागि विहानै देखि विद्यार्थी, शिक्षक, अभिभावकहरुको ठूलो घूँइचो लाग्दछन्। वसन्त पञ्चमीका दिन विद्यार्थीहरुले सरस्वती स्तुती गायर विद्या र ज्ञान प्राप्तीका लागि आशीष लिनेगर्छन्। सरस्वती पूजाकै अवसर पारेर जिल्लाभरका विद्यार्थीहरुको सो मन्दिरमा घुइचो लाग्छ। अक्षरआरम्भ पनि हुनेभएकाले यस दिन साना बालबालिकालाई अक्षर चिनाउने, कान नाक छेड्ने, शुभ कार्य समेत गरिन्छ।

अधिकासं विद्यार्थीहरु आफू अनुकुल सरस्वती मन्दिरमा गई कुनै न कुनै अक्षर फूल, अवीरले लेख्ने गर्छन्। तर अक्षर लेख्नेक्रममा जे पायो त्यही लेख्ने हुदाँ यसले विकृती समेत ल्याएको भन्दै प्रध्यापकहरुले गुनासो समेत गर्ने गरेका छन्।

विभिन्न विद्यालय, कलेजमा सरस्वती पूजालाई विशेष कार्यक्रमको आयोजना गरि मनाउने चलनछ। यस दिन भर्ना हुने विद्यार्थीलाई विद्यालयवाट नि:शुल्क नाम लेखाउने र विद्यार्थीहरुलाई विशेष छुट समेत दिने गरिन्छ।

# पानीमा डुबी बालकको मृत्यु

उदयपुर। उदयपुरको त्रियुगा नगरपालिका वडा नं. ७ स्थित नहरमा ३ बर्षीय वालकको डुवी मृत्यु भएको छ।

मृत्यु हुनेमा दोलखा घर भई त्रियुगा नगरपालिका वडा नं. ७ स्थितमा बस्दै आएका मधुसुधन अधिकारीको छोरा लेखनाथ अधिकारी रहेको छ। विहीवार खोलाको नहरमा खेल्ने क्रममा अचानक पानीमा डुवी अचेत अवस्थामा रहेको अधिकारीलाई निजको आमाले फेला पारी तत्काल उपचारको लागि जिल्ला अस्पताल उदयपुर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको थियो।

घटना सम्वन्धमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट थप अनुसन्धान भईरहेको छ।

छोरा छोरीमा भेद्भाव नगरौ। छोरा छोरी दुबैलाई अनिवार्य विद्यालय पठाऔं।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १


# विराटनगर नाकासम्मको आवागमन सुचारू गर्न संघको पहल

विराटनगर। मोरंग व्यापार संघका अध्यक्ष श्री नवीन रिजालज्यूको नेतृत्वमा संघको टोलीले मीरगंज पुलको समस्या निराकरण एवं सम्भावित वैकिल्पक मार्गहरु मार्फत विराटनगर नाकासम्मको आवागमन सुचारु गराउने विषयमा बिहीबार भारतको अररिया स्थित विभिन्न भारतीय अधिकारीहरुसँग प्रत्यक्ष भेटघाट गरी ज्ञापन पत्र बुझाएको छ।

टोलीले भारतको अररिया स्थित समाहरणालय (कलेक्टरको कार्यालय)मा अररियाका कलेक्टर एवं डिष्ट्रीक्ट मेजिस्ट्रेट प्रशान्त कुमारलाई पत्र बुझाएको छ भने प्रहरी उपरिक्षक विनोद कुमार सिंह सहित भारतीय जनता पार्टीका मन्त्री माननीय अजय कुमार झा र जिल्ला महामन्त्री माननीय दिलिप झालाई समेत क्षतिग्रस्त मिरगञ्ज पुलका कारण नेपाली उद्योगी/व्यवसायीहरुले भोगिरहेका समस्याहरु बारे अवगत गराई त्यसको शिघ्र समाधानका लागि सुझावहरु पेश गरेको छ।

भेटघाट एवं ज्ञापन पत्र मार्फत विराटनगर नाकासम्मको भारतका बथनाहा-जोगबनी मार्गमा अवस्थित मीरगञ्ज पुल गत जनवरी ६ तारिकमा क्षतिग्रस्त भएयता करिब एक महिनादेखि सो मार्गबाट मालवाहक सवारी



साधनहरुको आवागमन अवरुद्ध हुन पुगेको बताउँदै त्यस कारण दैनिक करिब ४ सय मालवाहक सवारी साधनहरु हाल भीमनगर-भन्टावारी नाका प्रयोग गर्दै थप १३० किमी गन्तव्य तय गर्न बाध्य भएको जानकारी गराएका थिए।

त्यसबाट नेपाली उद्योगी/व्यवसायीहरुलाई प्रति मालवाहक सवारी साधनमा करिब रु. २० हजार सम्मको आर्थिक व्ययभार थप हुन पुगेको जनाउँदै त्यसको निराकरणका लागि भारतीय पक्षबाट तत्कालै विकल्पहरु अपनाउन अनुरोध सहित संघको तर्फबाट सुझावहरु पेश गर्नु भएको छ।

सोही अवसरमा विराटनगर नाका मार्फत नेपाल प्रवेश हुने ३० मेट्रिक टन सम्मका सवारी साधनहरु सहित भारत फर्किने खाली सवारी साधनहरुका लागि अररिया-कुर्साकाँटा-जोगबनी मार्ग खुला गरिनु पर्ने, क्षतिग्रस्त मीरगञ्ज पुलको छेउमा अन्तिम चरणमा निर्माणाधिन ४ लेनको नयाँ पुललाई अस्थायी रुपमा आगामी ३ दिन भित्र संचालनमा ल्याउने व्यवस्था गरिनु पर्ने तथा क्षतिग्रस्त मीरगञ्ज पुलको मर्मत कार्य समेत शिघ्रताका साथ सम्पन्न गरिनु पर्ने आदि सुझावहरु प्रस्तुत गरेको थियो।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हच्वुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर

## औद्योगिक ग्राम बन्ने, मन्त्रालयसँग मेयरको सम्झौता

धनकुटा । धनकुटाको महालक्ष्मी नगरपालिकामा औद्योगिक ग्राम निर्माण गरिने भएको छ । महालक्ष्मी नगरपालिका-१ कटहरेमा औद्योगिक ग्राम निर्माण गर्न लागिएको हो । औद्योगिक ग्राम बनाउँन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र नगरपालिकाबीच सम्झौता भएको छ ।

सम्झौता पत्रमा उद्योग मन्त्रालयका तर्फबाट सह-सचिव चन्द्रकला पौडेल तथा महालक्ष्मी नगरपालिकाको तर्फबाट मेयर पर्शुराम नेपाल र निमित्त प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर आले मगरले हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार औद्योगिक ग्राम निर्माण गर्न उद्योग मन्त्रालयले महालक्ष्मी नगरपालिकालाई ९२ लाख उपलब्ध गराउँने भएको छ । मन्त्रालयबाट प्राप्त भएको बजेट जग्गा विकास सम्बन्धि काम, ग्रामका लागि आवश्यक मार्ग निर्माण, प्रशासनीक भवन निर्माण लगायतमा खर्च गर्नुपर्नेछ । सम्झौता भएको १५ दिनभित्र नगरपालिकाले विस्तृत सम्भाव्यता अध्ययन (डीपीआर) थाल्नेछ । तीन महिनाभित्र डीपीआरको स्वीकृत प्रतिवेदन मन्त्रालयमा बुझाउँनुपर्नेछ ।

छरिएर रहेका साना उद्योगहरुलाई एकीकृत गरी व्यवस्थित गर्दै उत्पादन र उत्पादकत्व बृद्धि गर्न औद्योगिक ग्रामले सहयोग पुर्याउँने अपेक्षा गरिएको छ । स्थानीय उत्पादनको प्रवर्द्धन गर्दै नगरवासीलाई स्वरोजगार बनाउन औद्योगिक ग्राम बनाउँन लागिएको मेयर नेपालले जानकारी दिए । ‘नगरबासीलाई उत्पादनमूलक क्षेत्रमा जोड्दै उद्योग व्यावसाय क्षेत्रलाई व्यवस्थित गर्न औद्योगिक ग्राम निर्माण गर्न लागेका हौं,’ मेयर नेपालले भने, ‘उद्योग मन्त्रालयसँग सम्झौता भइसकेको छ, अब औद्योगिक ग्राम निर्माणको काम सुरु हुन्छ ।’

औद्योगिक ग्राम निर्माणका क्रममा पूर्वाधार विकास र संरचना निर्माणमा भएको प्रगतिको प्राविधिक प्रतिवेदनका आधारमा मन्त्रालयले थप बजेट उपलब्ध गराउँने सम्झौता पत्रमा उल्लेख छ ।

## सिंघिया, केसलिया करिडोर निर्माण र मिरगंज पुल समस्या बारे मन्त्री कार्की र बिहारको उपमुख्यमन्त्री बिच छलफल

विराटनगर । विराटनगरको सिंघीया, केसलिया करिडोर र भारतको मीरगंज पुलमा देखिएको समस्या समाधानको लागि भारतको बिहार सरकारका उपमुख्यमन्त्री तारकेश्वर प्रसाद र प्रदेश नम्बर १ का आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीबिच छलफल भएको छ ।

नेपाल भ्रमणमा रहेका बिहारका उपमुख्यमन्त्री प्रसाद र आन्तरिक मामिला तथा कानून मन्त्री कार्कीबिच शुक्रबार भएको छलफलमा प्रदेश राजधानी विराटनगर हुँदै बग्ने दुई प्रमुख नदी सिंघीया र केसलियामा तटबन्धसहितको करिडोर निर्माणको विषयमा छलफल भएको मन्त्री कार्कीको सचिवालयले जानकारी दिएको छ ।

सचिवालयका अनुसार प्रदेश १ को राजधानी विराटनगर भएर बिहारतर्फ बग्ने सिंघीया र केसलिया नदीमा आउने बाढीले बिहारतर्फका जनतालाई समेत दुःख हुने भएकोले व्यवस्थित तटबन्ध सहितको करिडोर निर्माण गर्नुपर्नेमा मन्त्री



कार्कीको जोड दिएको थियो ।

पौष २२ गतेदेखि नै रानी भन्सारबाट करिब चार किलोमिटर दक्षिण रहेको मीरगंज पुलको विकल्प खोज्न मन्त्री कार्कीले आग्रह गर्दै पुल भासिएपछि रानी नाकाबाट मालवाहक साधनबाट आयात-निर्यात नै रोकिएको छ भन्दै मन्त्री कार्कीले समस्या समाधानका लागि निर्माणाधीन अर्को पक्की पुल अविलम्ब सञ्चालन गरी आयात निर्यातमा सहयोग गरिदिन आग्रह गरेका थिए ।

त्यसैगरी पुल भासिने र ठुला मालवाहक सवारी साधन आउजाउ गर्न नसक्दा व्यवसायीले ठुलो परिमाणमा विलम्ब शुल्क बुझाउनु पर्ने बाध्यता छ । समस्या समाधानका लागि निर्माणाधीन अर्को पक्की पुल अविलम्ब सञ्चालन गरिनु पर्ने मन्त्री कार्कीको भनाई थियो

मन्त्री कार्कीले दुवै प्रदेशका सीमा नाकामा हुने गरेका आपराधिक गतिविधि नियन्त्रण गर्ने, भारतको बिहारसंग जोडिएको सीमा नाकामा सुरक्षालाई व्यवस्थित बनाउने, दुई प्रदेशको सीमा क्षेत्रमा सामाजिक सद्भाव बढाउने विषयमा पनि सकारात्मक छलफल भएको छ ।

खुल्ला सीमा नाकाका कारण दुई प्रदेशको सीमामा हुने गरेका आपराधिक गतिविधि नियन्त्रण चुनौतीपूर्ण रहेको भन्दै यसलाई व्यवस्थित बनाउन दुवै तर्फका सुरक्षा निकायलाई सजक गराइने मन्त्री कार्कीले जानकारी गराएका थिए ।

## लागुऔषध सहित तीन जना पक्राउ

झापा । लागुऔषध सहित तीन जनालाई प्रहरीले पक्राउ गरको छ ।

घटनाको विवरण अनुसार झापाको बिर्तामोड नगरपालिका वडा नं. ४ ओमशान्ति टोल स्थितबाट लागुऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले बिर्तामोड वडा नं. ४ ओमशान्ति टोलमा डेरा गरी बस्ने २१ बर्षीया हसिना मण्डल र बिर्तामोड(५ का १८ बर्षीय अर्वाज खानलाई प्रतिवन्धित लागुऔषध ब्राउन सुगर ३ ग्राम सहित पक्राउ गरेको थियो ।

त्यसैगरी बिर्तामोड नगरपालि का वडा नं. ५ पञ्चकन्या चौक स्थितबाट लागूऔषध ब्राउन सुगर सहित एक जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा सोही स्थानका २४ बर्षीय सुनिल लिम्बु रहेका छन् ।

अस्थायी प्रहरी पोष्ट नयाँ बसपार्कबाट खटिएको प्रहरी टोलीले उनलाई ब्राउन सुगर २९ ग्राम, नगद दुई हजार र मोबाईल थान(२ सहित पक्राउ गरेको थियो । पक्राउ परेका तीनै जना उपर थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।


**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन कार्यालय, विराटनगर प्रदेश नं. १**


## के हो मानसिक रोग, कसरी छुटकारा पाउने ?

कृष्णा खनाल

मस्तिष्कसँग सम्बन्धित मानसिक रोग पछिल्लो समय जो कोहीका लागि एउटा ठुलो समस्या बनेको छ । एन्जाइटी, डिप्रेसन जुनसुकै उमेर समूहका व्यक्तिले भोग्दै आएको मानसिक समस्या हो । एक अध्ययनअनुसार हरेक पाँच जनामध्ये एक जनामा कुनै न कुनै प्रकारको मनोरोग पाइने गरेको छ । मानसिक रोग विभिन्न प्रकारका हुन्छन् । यसबाट छुटकारा पाउन कुनै पनि खालको उपचारात्मक पद्धतिकै आवश्यकता हुने गर्छ ।

जो कोहीलाई हुन सक्छ

धेरै मानिसहरूको बुझाइ छ, मानसिक रोग कमजोरलाई हुन्छ तर त्यो सत्य होइन । मानसिक रोग कुनै पनि व्यक्तिको शारीरिक अवस्थासँग सम्बन्धित हुँदैन, न त यसको सम्बन्ध उसको व्यक्तित्व या गुणसँग हुन्छ । हरेक उमेर समूह, हरेक समुदाय, हरेक आर्थिक अवस्थाका व्यक्ति मनोरोगबाट प्रभावित हुन सक्छन् । त्यसैले, मनोरोग र मनोरोगीलाई हल्का रूपमा नलिई गम्भीरता आवश्यक छ । मानसिक रोग सामाजिक, अनुवांशिक, जैविक वातावरणीय वा मनोवैज्ञानिक धेरै कारणले हुन सक्छ ।

रोगको प्रकृति फरक

मनोरोग मानसिक स्थितिसँग सम्बन्धित भएकाले सामान्य हिसाबमा कोही मनोरोगी हिंसात्मक हुन सक्छन् । अरूलाई मात्रै होइन, आफैमाथि पनि हिंस्रक हुन सक्ने हुँदा मनोरोगीको विशेष हेरचाह अत्यावश्यक छ । तर यसो भन्दैमा मनोविकार भएका व्यक्तिहरू सधैँ हिंस्रक नै हुन्छन् भन्ने पनि होइन । मनोरोगीहरूको हिंसात्मक क्रियाकलाप रोगका कारणले हुन्छ भन्ने पनि होइन, यसमा उनीहरूले कस्तो उपचार र व्यवहार पाउँछन् भन्नेमा पनि निर्भर रहन्छ । कुनै मनोरोगी आफैमा गुमसुम रहने निकै शान्त स्वभावका पनि हुन्छन् ।

मानसिक रोगको उपचार छ

कुनै पनि रोगको उपचार सम्भव भएजस्तै मानसिक रोगको पनि उपचार छ । समयमै रोगको सही ढङ्गले पहिचान गर्न सकियो भने मानसिक रोगी पूर्ण रूपमा निको हुन सक्छन् । तिनलाई राम्रो हेरचाह र उचित सहयोग, समर्थनको आवश्यकता रहन्छ । मनोरोगीलाई मानसिक अस्पताल नै आवश्यक हुन्छ भन्ने

आममान्यता छ तर मनोरोगका कतिपय अवस्थाका लागि अस्पताल आवश्यक हुँदैन । उनीहरूको सफल उपचारको सबैभन्दा महत्वपूर्ण भाग प्रियजन अनि परिवारका सदस्यहरुले कति राम्रोसंग हेरचाह गर्न सक्षम छन् भन्नेमा पनि भर पर्छ । यसको उपचार औषधिजन्य ट्याबलेट नभएर उसको उचित स्याहारसुसार नै हो ।

भ्रमबाट टाढा

नेपाली समाजमा भ्रम, अन्धविश्वास र अनावश्यक मान्यताबाट हामी ग्रसित छौँ, जसले मानसिक स्वास्थ्यलाई कमजोर तुल्याउँछ । हाम्रा धर्म, मान्यता अनि अन्धविश्वास पनि मनोरोगको एउटा कारक बनेको छ । तर हामीले यस्ता भ्रमहरूबाट छुटकारा पाउन सक्नुपर्छ । विभिन्न धार्मिक अन्धविश्वास र भ्रमका कारण पनि मानसिक रोगलाई झन् बढावा दिन्छ ।

थेरापी र परामर्श

सामान्य अवस्थाका मानसिक रोगीहरूले उनीहरूको आफ्नो इच्छा र क्षमताका आधारमा जुनसुकै काम गर्न सक्छन् । यसले उनीहरूको अवस्था सुधार गर्न पनि सहयोग गर्छ ।

धेरै मनोचिकित्सक यस मामिलामा थेरापी र मनोपरामर्श दिन्छन् । केही केसमा औषधि पनि चाहिन्छ । तर थेरापी र परामर्श नै बिरामीको अवस्था सुधार गर्न प्रमाणिक भएको पाइन्छ । राम्रो र स्वच्छ वातावरणमा बसेर तनाव नलिई जीवनयापन गर्न सकियो भने मानसिक रोगी भइन्न ।

सहयोग जरुरी

मनोरोग मानसिक स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले कतिपय अवस्थामा मनोचिकित्सकहरूको विशेष उपचारात्मक भूमिका हुने गर्छ । हरेक परिस्थितिमा हामीकहाँ अस्पताल सम्भव नभएकाले एक हेरचाहकर्ताको रूपमा परिवारका सदस्य पनि एक मनोचिकित्सकको भूमिका निर्वाह गर्न सक्छन् । सहयोगी र बुझ्ने वातावरण पनि यस्ता बिरामीको प्रमुख आवश्यकतामध्ये एक हो । उसलाई महसुस गराउनुहोस् कि तपाईं सधैँ उहाँको लागि हुनुहुन्छ । यसका लागि तपाईं आफै पनि मानसिक स्वास्थ्यसम्बन्धी सही ज्ञान राख्न आवश्यक हुन्छ ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १


## दुरविनबाट ढाडको नशा च्यापिएको समस्याको सफल साल्यक्रिया

विराटनगर । विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा एक विरामीको ढाडको नसा च्यापिएको समस्याको शल्यक्रिया दुरविनको माध्यमबाट सफलतापूर्वक गरिएको छ । ढाडको नसा च्यापिएर अस्पताल आएका झापाको विर्तामोड नगरपालिका वडा नं. ४ का ४८ बर्षीय पेलेङ सिंह धिमालको दुरविनको माध्यमबाट सफलता पूर्वक शल्यक्रिया गरिएको हो ।

नोबेल अस्पतालको न्यूरो विभागका प्रमुख एवं बरिष्ठ न्यूरो सर्जन डा.प्रकाश काफ्ले नेतृत्वको चिकित्सकहरुको टोलीले शल्यक्रिया गरेको हो । काठमाडौं बाहिर पहिलो पटक दुरविनको माध्यमबाट यस्तो शल्यक्रिया भएको बरिष्ठ न्यूरो सर्जन डा.काफ्ले बताउँछन् । ‘मेरुदण्डमा नसा च्यापिदा सामान्य अवस्थामा औषधी दिइन्छ, अप्रेशन गर्नुपर्ने देखिएमा प्रायः चिरेर गरिन्छ । तर, दुरविनको माध्यम बाट ढाडको नसा च्यापिएको अप्रेशन कमै हुन्छ ।’ डा.काफ्ले भन्छन्, ‘काठमाडौं बाहिर पहिलो पटक हामीले यस्तो अप्रेशन सफलतापूर्वक गरेका हौं, यसअघि मोफसलमा यस्तो अप्रेशन भएको थिएन ।’

धिमालको ढाडमा सानो प्वाल बनाएर दुरविनको माध्यमबाट अप्रेशन गरिएको हो । यसअघि यस्तो अप्रेशन चिरेर गर्ने गरिन्थ्यो । दुरविनको माध्यमबाट अन्य किसिमका अप्रेशन भइरहन्छन् । नोबेलमै पनि दुरविनको प्रयोग गरेर दिनमै दर्जनौं अप्रेशन गर्ने गरिएको छ । तर, ढाडको नसा च्यापिएको समस्याको अप्रेशनमा भने यो विधि प्रयोग गर्ने गरिएको थिएन । यो नयाँ प्रविधिबाट नोबेलले पहिलो पटक अप्रेशन थालेको हो ।

दुरविनको माध्यमबाट ढाडको नसा च्यापिएको अप्रेशन गर्दा सानो घाउ हुँने भएकाले विरामीलाई निकै सहज हुन्छ । सानो घाउ हुँनाले अप्रेशन गरेको दिन अथवा भोलिपल्ट नै विरामी घर जान सक्ने चिकित्सकहरु बताउँछन् । विरामी धिमालले पनि बर्षौं अघिदेखिको समस्या अप्रेशनपछि तत्काल सुधार भएको प्रतिक्रिया दिए । अप्रेशनपछि निको भएर धिमाल अस्पतालबाट डिस्चार्ज भई घर फर्किएका छन् ।




# सबभन्दा ठूलो र सस्तो आसियू

विराटनगर । काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेज नेपालको सबैभन्दा ठूलो सघन उपचार कक्ष (आइसीयू) भएको अस्पताल बनेको छ । केएमसीले मंगलबार एक कार्यक्रम गरी १६८ बेड क्षमताको आइसीयू कक्षको औपचारिक उद्घाटन गरेको थियो ।

केएमसीका प्रमुख सल्लाहकार डा.केपी शर्मा र अस्पताल निर्देशक डा.सुमन श्रेष्ठले रिबन काटेर आइसीयू सेन्टरको उद्घाटन गरेका छन् । गत बर्षदेखि केएमसीको व्यवस्थापन फेरिएको छ । पूर्वी नेपालमा प्रतिष्ठित नोबेल मेडिकल कलेजका सञ्चालक डा.सुनिल शर्माले केएमसी अध्यक्षको जिम्मेवारी सम्हालेदेखि केएमसीले सेवा सुविधा बढाउँदै लगेको छ ।

पहिले केएमसीमा आइसीयूका ३४ बेड थिए । अहिले १३४ बेड थरेर नेपालकै सबैभन्दा ठूलो १६८ बेड क्षमताको आइसीयू सेन्टर सञ्चालनमा ल्याइएको केएमसीका अध्यक्ष डा.सुनिल शर्माले जानकारी दिए । 'अब केएमसी नेपालको सबैभन्दा ठूलो आइसीयू सेन्टर भएको छ,' डा.शर्माले भने, 'अहिले हामीले १६८ बेड क्षमताको आइसीयू सञ्चालमा ल्याएका छौं, नेपालका कुनैपनि निजी वा सरकारी अस्पतालमा यत्रो आइसीयू सेन्टर छैन ।'

केएमसीले यसअघि नेपालकै सबैभन्दा ठूलो र अत्याधुनिक सुविधासहितको नवजात शिशु सघन उपचार कक्ष र बाल रोग सघन उपचार कक्ष पनि सञ्चालनमा ल्याएको छ । अहिले ६८ बेडको जेनेरल आइसीयू, ४० बेडको एनआइसीयू, २२ बेडको पल्मो आइसीयू, १२ बेडको एमआइसीयू, ११ बेडको एसआइसीयू, १० बेडको पीआइसीयू र ५ बेडको न्यूरो आइसीयू सञ्चालनमा ल्याइएको छ ।



आइसीयू शुल्क पनि नेपालकै सबैभन्दा सस्तो कायम गरिएको केएमसीका जेनेरल मेनेजर नारायण दाहाल बताउँछन् । उनी भन्छन्, 'सरकारी क्षेत्रबाट सञ्चालित वीर अस्पताल र सिभिल अस्पतालमा आईसीयू चार्ज दुई हजार छ, हामीले १९ सय रुपैयाँमै आइसीयू उपलब्ध गराउँने गरेका छौ ।' केएमसीले नेपालका अन्य सरकारी अस्पताल र निजी अस्पतालहरु भन्दा पनि सस्तो आइसीयू शुल्क कायम गरेको दाहालको भनाई छ । केएमसीले ५८ वटा भेन्टिलेटर पनि सञ्चालनमा ल्याएको छ ।

# जग्गा विवादमा आमाको हत्या

विराटनगर । मोरङको पथरी शनिश्चरे नगरपालिका वडा नं.२ का ४८ बर्षीय कमल श्रेष्ठलाई आमाको हत्याको अभियोगमा प्रहरीले छोरालाई पक्राउ गरेको छ ।

श्रेष्ठलाई आफ्नै ९० बर्षीया आमा जगमाया श्रेष्ठको हत्या गरेको आरोप छ ।

माघ १२ गते बुधवार देखी घरैबाट एक्कासी हराएकी भनिएकी बृद्धाको हत्या पछि जलाएको भन्ने सूचनाको आधारमा सुक्ष्म अनुसन्धान गरेको ईलाका प्रहरी कार्यालय पथरीको प्रहरी टोलीले हिजो दिउँसो श्रेष्ठलाई पक्राउ गरेको थियो ।

पक्राउ परेका श्रेष्ठले बुबाको नाममा रहेको १५ कठ्ठा ९ धुर जग्गा आमा तथा अन्य भाईहरुलाई समेत थाहा नै नदिई आफ्नो श्रींमतीको नाममा बनाएको र उक्त कुरा आमा लगायत अन्य भाईहरुलाई जानकारी भए पश्चात अदालतमा मुद्धा समेत परेको तथा अदालतले उक्त जग्गा मध्ये ५ कठ्ठा जग्गा आमाको नाममा रहने गरी फैसला गरेको हुँदा रिशको आवेगमा आमाको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

### १. कसरी सर्छ कोरोना भाईर?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

### २. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

### 3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १


# विचारमाथि...

मात्र उत्तरदायी भएर नपुग्ने र जनताप्रति उत्तरदायी हुनुपर्ने राजनीतिज्ञहरुले विज्ञ र कर्मचारी तन्त्रको सल्लाह र रायको आधारमा मात्र निर्णय लिन नहुने, नमिल्ने निचोड निकाल्ने राजनीतिक वैज्ञानिकहरुको विश्लेषणलाई यहाँ स्मरण गर्नु अपरिहार्य छ ।

राजनीतिक वैज्ञानिक रोबर्ट ए डालको भनाईमा राजनीतिज्ञहरुमा प्राविधिक विशेषज्ञता र सैद्धान्तिक ज्ञान हुँदैन, हुनु अनिवार्य पनि छैन । तर पनि नैतिक सामर्थ्य, जनवल, राजनीतिक विवेक, सुझबुझ तथा विज्ञको पृष्ठपोषणमा उनीहरु निर्णय गर्ने क्षमता राख्छन् । हुन पनि मुलुक चलाउने राजनीतिज्ञहरूको लागि कुनै खास शैक्षिक योग्यता र अनुभवको सीमा कोरिएको पाइन्न । यसको अर्थ मुलुक चलाउन कुनै योग्यता नै चाहिँदैन भन्ने होइन । वास्तविक वौद्धिक र विज्ञको खोजी गर्ने, खुला दिमागमा आफूलाई राखिरहने र राजकाजमा विज्ञताको प्रयोग गर्न सक्ने योग्यता राजनीतिज्ञमा चाहिन्छ । वौद्दिकहरुसँग कार्य गर्न सक्ने धैर्य र सीपको विकास गर्न सक्नुपर्छ । यसैगरी मुलुकको शासन प्रणालीका अवयवहरूको भूमिका, सामर्थ्य र सीमाको बिषयमा समेत सामान्य बोध हुन उत्तिकै जरुरी छ ।

राजनीतिज्ञहरुले एकै बिषयलाई पनि विभिन्न आयामले देख्न, बुझ्न र छाम्न खोज्छन् । विज्ञले भने बिषयलाई आफ्नो ज्ञान र अनुभवको आयामबाट पस्कन्छ । राजनीतिज्ञहरू एकै विषयमा पनि एक भन्दा बढी विज्ञको भनाई एकैसाथ वा छुट्टाछुट्टै सुन्छन् । यसो गर्नु विज्ञको परीक्षण होइन, विज्ञहरुलाई आपसमा लडाउनु पनि होइन । विषयको क्षितिज पहिचान गर्न र राजनीतिज्ञहरूको दिमाग खुला राखिराख्न यसको आवश्यकता पर्छ । असल राजनीतिज्ञहरू खुला दिमागले विज्ञको कुरा सुन्छन् । कतिसम्म भने लामो समयदेखि राजनीतिमा रहदै आइरहेको अत्यन्त पाका राजनेताले पनि शासन सञ्चालनको क्रममा लिनुपर्ने निर्णयमा राजनीतिक परिपक्वता कायम गर्न राजनीतिक सल्लाहकार राख्ने गर्छन् ।

राजनीति गर्नेहरुले जुन विहंगम दृष्टिकोण, सुझबुझ, परिपक्वता र जवाफदेहिता राख्नुपर्ने हुन्छ, विज्ञमा मात्र भर पर्दा त्यसरी निर्णय हुन सक्तैन । यसको अर्थ राजनीतिज्ञहरूको तुलनामा विज्ञमा कम सुझबुझ, कम परिपक्वता र साँघुरो सोचाई हुन्छ भनिएको होइन । यसलाई एक उदाहरणबाट यसरी हेर्न सकिन्छ ।

शल्यक्रिया गर्नुपर्ने कुनै रोगले आक्रान्त बिरामीलाई विज्ञ चिकित्सकले शल्यक्रिया नगरेमा आउन सक्ने जोखिमको वारेमा बिरामी र निजको आफन्तलाई परामर्श दिन्छ । तर पनि अपरेशन गर्ने वा नगर्ने, जोखिम लिने वा नलिने वारेमा अन्तिम निर्णय भने बिरामी र निजको आफन्तले लिन्छन् । र त्यो निर्णय गर्दा उनीहरुले चिकित्सकको मतका अतिरिक्त आफ्नो पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि जस्ता धेरै पक्षलाई पनि आधार बनाएका हुन्छन् ।

राजनीतिज्ञहरु कहिलेकाँही विद्यमान संरचनागत डिजाइन र मूल्य प्रणाली भन्दा पर सोच्छन् । एउटा विज्ञको लागि त्यो अकल्पनीय मात्र होइन, सर्वाधिक असंभव र बित्यासपूर्ण पनि हुन्छ । मुलुक चलाउने अहम् जिम्मेवारी पाएका राजनीतिज्ञहरुले विज्ञका सुझाव मात्र होइन, विज्ञका उपाय र रणनीतिलाई पनि राजनीतिक सुझबुझ र समष्टिगत आयामले पर्गेल्नु पर्ने हुन्छ ।

युद्धको रणनीति तय गर्न माहिर सेनाका जर्नेल र सैन्यविदहरुको उपाय, तयारी र बन्दोबस्ती जस्ता प्राविधिक कुरामा पनि चासो दिएर अध्ययन गर्ने, उनीहरुसँग सम्वाद गर्ने, उनीहरुलाई प्रतिप्रश्न गर्ने र अमुक रणनीतिको कस्तो राजनीतिक प्रभाव र नतिजा पर्न सक्छ भनेर आँकलन गर्ने कार्य अब्राहम लिंकनले अमेरिकाको गृहयुद्धताका गरेकै हुन् । वेलायती प्रधानमन्त्री चर्चिलले दोस्रो विश्वयुद्धको समयमा र इजरायलका प्रथम प्रधानमन्त्री डेभिड वेन गुरियमले सन् १९४८ को अरब इजरायल संघर्षताका सेनावाट तय भएका कतिपय युद्ध रणनीति बदलेका थिए भनिन्छ । हिटलरले भन्दा अमेरिकाले पहिले आणविक वम बनाउनु पर्छ भन्ने प्रमुख केही वैज्ञानिकहरुको प्रस्तावको वारेमा अमेरिकी राजनीतिक क्षेत्रले राजनीतिक विश्लेषण गरेर मात्र बम बनाउने निर्णय लिएको थियो । अन्तरिक्ष कार्यक्रम, परमाणु हतियार सुदृढीकरण योजनामा संलग्न वैज्ञानिकहरुले प्रस्ताव गरेका कतिपय आयोजना कार्यान्वयन गर्दा वा नगर्दाको राजनीतिक जोखिम र संभावित परिणामको वारेमा आँकलन गर्ने कार्य अमेरिका र तत्कालीन सोभियत संघको राजनीतिक क्षेत्रले गरेको थियो र आज पनि त्यही हुँदै आएको छ ।

कुनै क्षेत्रका विज्ञले प्रस्ताव गरेका योजनाको अर्थ राजनीतिक विश्लेषण गर्ने र कति जोखिम कुन हदसम्म लिने वा नलिने भन्ने विषयको निर्धारण राजनीतिक क्षेत्रले गर्नुपर्छ । पोख्त इन्जिनियरहरूको समूहले कुनै खास ठाउँमा गरिनुपर्ने विकास निर्माणको विस्तृत खाका दिन सक्छ । महान अर्थशास्त्रीले विकासको मोडल, मुलुकले अवलम्बन गर्नुपर्ने आर्थिक सिद्धान्तको वारेमा थेसिस दिन, नोट छाप्ने सिद्धान्त र व्यवहारिक उपायको सुन्दर विश्लेषण गर्न सक्छ । एक संविधानविदले मुलुकको लागि आवश्यक पर्ने संविधानको मस्यौदा नै तयार गरेर राजनीतिक क्षेत्रलाई उपहार दिन सक्छ । सुरक्षाविद्ले सुरक्षासम्बन्धि राष्ट्रिय र अन्तरराष्ट्रिय चुनौती र अवको बाटोमा गहन रणनीति प्रस्ताव गर्न सक्छ । परराष्ट्रविदले बैदेशिक सम्बन्धको भाष्य तय गर्न सक्छ ।

जतिसुकै दिग्गज विज्ञको प्रस्ताव भए पनि कुनै विषयहरुमा नीति निर्माण गर्दा सो को नीतिगत प्रभाव र परिणामको आँकलन गर्ने, मुलुकको वास्तविक सामर्थ्यको गहिराइ बोध गर्ने, कति उल्झन र खतरा कुन हदसम्म लिन सकिने नसकिने टुङ्गो लगाउने तथा निर्णयमा जनताको प्रतिक्रिया कस्तो र कुन तहको हुन्छ भन्ने अहम् प्रश्नको उत्तर खोजी गर्ने सर्वाधिक कठिन काम हो । तर अत्यन्त महत्वपूर्ण र अन्तिम प्रयास राजनीतिक क्षेत्रले मात्र गर्छ र गर्नुपर्छ । यसलाई अझ सरल भाषामा भन्दा जसरी विज्ञको विज्ञताको सहयोग नलिई राजनीतिज्ञहरूको बुद्धि, विवेक, क्षमता र इमानदारीबाट मात्र राजकाज चल्न सक्तैन, त्यसरी नै विज्ञको विज्ञतालाई नै पूर्ण आधार मानेर पनि मुलुकको शासन चल्दैन ।

मुलुक चल्न विज्ञको विज्ञता जति चाहिन्छ, त्यो भन्दा बढी राजनीतिज्ञहरुको वैधता तथा दूरदर्शी सोचाई र योजना चाहिन्छ । चीनको संगठित, गहिरो तथा फराकिलो उदय एवम् विश्व व्यापार संगठनमा प्रवेश पछिको प्रक्षेपणको वारेमा अमेरिकी थिङ्क ट्याङ्कको विश्लेषण र योजना गलत भएको थियो । यो तथ्य अमेरिकी राजनीतिक क्षेत्रले धेरै ढिला भएपछि मात्र थाहा पाएको भन्ने वर्नी स्यान्डर्स लगायतका राजनीतिज्ञहरुको विश्लेषण छ । यसैगरी सन् १९८० सम्म लगभग उस्तै आर्थिक अवस्था भएका चीन र भारतको परिदृश्य पन्ध्र वर्षको अवधिमा कायापलट भएर चीनको तुलनामा भारत धेरै पछि पर्नुको एउटा कारण भारतीय राजनीतिक क्षेत्रको दूरगामी सोचको कमी र थिङ्क ट्याङ्कको अति प्रभाव हो भनिन्छ ।

के त्यसो भए विज्ञ भन्दा राजनीतिज्ञहरु महान हुन त ? शायद जवाफ यसरी दिन सकिन्छ, दुवै समान रुपले महान छन् । दुवैको उचाइ समान छ । अझ समाजमा विज्ञको सम्मान बढी हुन्छ । अरु विधाहरु राजनीति शास्त्रको मातहत होइनन् । तर संगसंगै यथार्थ सत्य के हो भने खास गरी समाज विज्ञानका विधाहरुले स्थापित गरेका सिद्धान्त, मुल्य प्रणाली र अवधारणालाई मुलुक चलाउने सन्दर्भमा कुन हदसम्म र कुन स्वरुपले मान्यता दिने वा नदिने, आत्मसात गर्ने भन्ने छिनोफानो राजनीतिक क्षेत्रले नै गर्छ, यो सत्य हो । तर यसमा राजनीतिक क्षेत्र पुरा फुक्काफाल छैन । प्रशस्त सीमाहरु पनि छन् । तथापि सबै नीतिहरूको माउ नीति राजनीति भएकोले राजनीतिक क्षेत्रमाथि नै मुलुक चलाउने मूलभूत र अन्तिम जिम्मेवारी हुने हुँदा राजनीतिक क्षेत्रलाई नीतिगत र निर्णय छनौटको फराकिलो स्वतन्त्रता भने रहन्छ ।

के त्यसो भए राजनीतिक क्षेत्रले गर्ने निर्णय सदैव ठिक हुन्छ त ? उत्तर सवैलाई थाहा छ, हुँदैन । त्यसो भए राजनीतिक क्षेत्रमाथि यति धैरै जिम्मेवारी किन त ? किनकि सामाजिक र राजनैतिक वैधताप्राप्त राजनीतिज्ञहरूलाई नीति निर्माण र निर्णयमा गलत हुने अधिकार छ । राजनीतिक नेतृत्वको गल्तीलाई प्रणालीले सच्याउने सामर्थ्य राख्छ । हुन पनि लोकतान्त्रिक प्रणालीमा शासकले गरेका संवैधानिक र कानुनी गल्ती न्यायिक प्रक्रियाले र राजनीतिक गल्तीलाई जनबल र जनमतले सच्चाइ दिन सक्छ ।

यसो भन्नुको अर्थ राजनीतिज्ञहरूलाई स्वेच्छाचारी भएर जे पनि निर्णय गर्न पाइने स्वतन्त्रता हुन्छ भनेको होइन । निर्वाचन वा शासकीय प्रणालीले सवै गल्ती सच्याउँछ भनेको पनि होइन । भनिएको कतिसम्म मात्र हो भने विज्ञहरु, कर्मचारीतन्त्र तथा सरोकारवालाहरुसँगको अन्तर क्रिया पश्चात राजनीतिज्ञ हरुले राजनीतिक विवेक, नैतिकता, इमानदारी र साहसको बलमा तय गर्ने नीति र निर्णयले विनाशकारी गल्तीको संभावना लाई धेरैसम्म साँघुरो बनाइदिन्छ । गल्ती सच्च्याउने क्षमता पनि राजनीतिज्ञहरूमा हुन्छ र हुनुपर्छ । समाजको सबैभन्दा तलको इकाइसम्म पहुँच र उपस्थिति राख्ने, जनतासँग सबैभन्दा बढी अन्तर क्रिया गने, जनमतको आधारमा मात्र बाँच्ने र समाजलाई सबैभन्दा बढी जान्ने, चिन्ने शक्ति भनेको राजनीतिक क्षेत्र हो । त्यसैले राजनीतिक क्षेत्र जनता प्रति अन्तिम रुपमा उत्तरदायी हुनुपर्ने वस्तुगत परिस्थिति निर्माण भइरहन्छ ।

राजनीतिज्ञहरुले आफ्नो कर्म कसरी गर्छन् र विज्ञले आफ्नो धर्म कसरी निर्वाह गर्छन् भन्ने प्रश्नको धरातलीय यथार्थमा आधारित उत्तरले नै मुलुक अधोगति वा उँभोगतिमध्ये कतातिर जान्छ भन्ने प्रश्नको जवाफ दिइरहेको हुन्छ । राजनीतिज्ञहरुलाई धारे हात लगाएर, भ्रष्ट, बेइमान वा चोरको संज्ञा दिएर वा इतिहासलाई फर्काउने चाहना राखेर राजनीतिक क्षेत्र र मुलुक को अवस्था परिवर्तन हुने भने होइन ।

शायद कसैले पनि भनिरहेको छैन कि नेपालको राजनीतिक क्षेत्र निकै सक्षम र इमान्दार छ । संगसंगै वस्तुगत यथार्थ यो पनि हो कि नेपालको राजनीतिक क्षेत्र अत्यन्त भ्रष्ट, असक्षम र बेइमान पनि होइन । त्यसो भइदिएको भए नेपाल असफल राष्ट्र भइसक्ने थियो । त्यसो त पन्ध्र बीस वर्षको अवधिमा जर्जर आर्थिक अवस्था भएका कैयौं देश यसबीच आर्थिक विकासको गतिमा फड्को मार्दा हाम्रो मुलुकको भने दुई तिहाई समय र शक्ति राजनीतिक खेलमा नै खर्च भएको छ ।

नेपालमा राजनीतिक नेतृत्वको कार्यसम्पादन नतिजा निकै कमजोर र औसतभन्दा धेरै तल देखिन्छ । नागरिकमा पीडा र आक्रोश छ । राजनीतिक आन्दोलन गर्न र व्यवस्था परिवर्तन गर्न राजनीतिक शक्तिहरु सफल भएपनि फराकिलो आर्थिक वृद्धि हासिल गर्न, त्यस्तो वृद्धिको समन्यायिक वितरण र त्यसको दिगोपना सुनिश्चित गर्न नेतृत्वमा स्पष्ट सोच, विचार र नीति देखिएको छैन । तर पनि यो आलेखको सुरुमा चित्रण गरिएको जस्तो महासंकटमा भने नेपाली समाज पुगिसकेको अवस्था छैन । राजनीतिक क्षेत्रको नेतृत्वमा आफूलाई परिवर्तन गर्न सक्ने लचकता, सामर्थ्य र धैर्य गुमिसकेको अवस्था र लक्षण देखिदैन ।

नेतृत्व परिवर्तनको संरचनागत आयाम

यो आलेखको सुरुमा उल्लेख गरिएको दोस्रो, तेश्रो र चौथो अवस्थाको मध्यम लक्षणले भने मुलुकलाई एक हदसम्म संक्रमित गरिसकेको छ । राजनीतिक क्षेत्रमा बौद्धिक तहबाट हुनुपर्ने सामान्य हस्तक्षेप पनि भएको देखिदैन । समाजमा वास्तविक विज्ञ र बौद्धिकहरुको आवाज निकै कमजोर छ । वौद्धिक निष्पक्षता, निर्भिकता र इमानको अति कमी छ । राजनीतिक क्षेत्रको नेतृत्वमा विचार र कार्यदिशा तय गर्न सक्ने क्षमता, सीप, साहस र धीरताको शक्तिलाई उत्पादनमूलक एवं जवाफदेही बनाउने र मुलुकलाई समृद्धिको पथमा हिँडाउनतिर भने राजनीतिक क्षेत्रमा संरचनागत र पूर्वाधारयुक्त परिवर्तन गर्न धरै ढिला भइसकेको छ । यसको लागि नेतृत्व विकास र परिवर्तन एक प्रमुख पूर्वाधार हो ।

बाँचुन्जेलसम्म सत्ता र दलको नेतृत्वमा रहिरहेको भन्दै नेताहरुलाई सत्तोसराप गरेर, उनीहरुलाई नेतृत्व पुस्तान्तरण वा हस्तान्तरण गर्न आग्रह गरेर, दवाव दिएर, घुर्की देखाएर वा कामना गरेर अपेक्षित परिणाम आउने होइन । उमेरको आधारमा कुन पुस्ताको नेतृत्व भन्ने पनि सवाल होइन । उमेरले भन्दा विचार, इमान र क्षमताले राजकाजबाट 'डेलिभर' गर्ने हो । युवा हुनु राजकाजको योग्यता प्राप्ति गर्नु र ७० वर्ष उमेरको उकाली चढ्नु राजकाज गर्न अयोग्य हुनु होइन । नेतृत्व परिवर्तनको लागि राजनीतिमा उमेरको सीमा लगाउनु वैज्ञानिक नियम पनि होइन । ८० वर्षको मानिस पनि वैचारिक, मानसिक र भावनात्मक रुपमा स्वस्थ्य र जवान हुन सक्छ भने २५ बर्षको व्यक्ति गतिहीन, असक्षम र रुढीवादी हुन सक्छ । नेतृत्वको पुस्तान्तरणभन्दा पनि गुण वा चरित्र चाहिएको हो ।

वास्तवमा नेतृत्वको परिवर्तन वा विदाई कि त प्रतिस्पर्धाबाट हुन्छ कि त कार्यावधि वा पदावधिको सीमाबाट हुन्छ । नेतृत्वलाई पद त्याग गर्न वा विदा हुन आग्रह गरेर नेतृत्व प्राप्तिको अवसर खोज्ने सोचाई कुनै राजनीतिक समाधान होइन । राजनीतिक दलहरूको विधान परिवर्तनले पनि यसको निकास दिदैन । संविधानबाटै राजनीतिक क्षेत्रको नेतृत्व

वांकी अन्तिम पेजमा...